दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १२४ | बुटवल | २०८२ बैशाख १८, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday May. 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## सरकार र शिक्षकहरूबिच सहमति

बुटवल । सरकार र शिक्षकहरुबिचको वार्तामा सहमति जुटेको छ । बैठकमा शिक्षक आन्दोलन रोक्ने सहमति भएको प्रतिनिधिसभाअन्तर्गतको शिक्षा समितिका सभापति अम्मरबहादुर थापाले जानकारी दिए ।

'वार्ता सकारात्मक भएको छ, शिक्षक आन्दोलन रोक्ने सहमति भएको छ ।'-उनले भने ।

मन्त्रिपरिषद्को बैठकबाट नौबुँदे सहमति निर्णय गर्ने र यो अधिवेशनबाट ऐन पास गर्ने सहमति भएको उनले जानकारी दिए । सिंहदरबारमा भएको वार्तापछि सहमतिलाई अनुमोदन गर्न मन्त्रिपरिषद् बैठक बसेको छ ।

मन्त्रिपरिषद् बैठकले निर्णय गरिसकेपछि आन्दोलनरत शिक्षकहरुले पत्रकार सम्मेलन गरेर धारणा सार्वजनिक गर्नेछन् ।

अहिले वार्ताबाट मन्त्रीहरु मन्त्रिपरिषद् बैठकमा सहभागिताका लागि गएको हुनाले आन्दोलनरत शिक्षकले उनीहरुलाई पर्खिएको शिक्षा समितिका सभापति थापाले जानकारी दिएका छन् ।

बैठकमा सरकारका तर्फबाट गृहमन्त्री रमेश लेखक, शिक्षामन्त्री रघुजी पन्त, कांग्रेस र एमालेका प्रमुख सचेतकहरु सहभागी थिए । महासंघका तर्फबाट अध्यक्षसहितको टोली थियो । बैठकमा ११ बुँदे मस्यौदामाथि सहमतिका लागि प्रस्ताव गरिएको थियो ।

## रेशम चौधरी पाँच घण्टापछि रिहा

काठमाडौं । सर्वोच्च अदालतले रेशम चौधरीलाई पक्राउ गर्न जारी भएको पत्र आधिकारिक नभएको बताएपछि रेशम चौधरी डिल्लीबजार कारागारबाट रिहा भएका छन् । पक्राउ परेको पाँच घण्टापछि उनी रिहा भएका हुन् । कारागार कार्यालय डिल्लीबजारलाई पत्र लेख्दै सर्वोच्चबाट नाउपाका संस्थापक चौधरीलाई पक्राउ गर्न जारी भएको पत्र आधिकारिक नभएको र यसअघि पठाएको पत्र आधिकारिक नभएको भन्दै त्यसलाई कार्यान्वय नगर्न नयाँ पत्र पठाएपछि उनी रिहा भएका हुन् ।

साथै पक्राउ परेका चौधरीलाई तत्काल थुनामुक्त गरिदिन पनि अनुरोध पत्रमा गरिएको थियो । आन्तरिक छानबिनपछि त्यो पत्र कार्यान्वयन नगर्न भन्दै कारागार प्रशासन र प्रहरीलाई अर्को पत्र पठाइएको सर्वोच्च अदालतका प्रवक्ता समेत रहेका सह-रजिष्ट्रार अच्युत कुइँकेलले जानकारी दिए । 'उहाँको विरुद्धमा सर्वोच्च अदालतमा परेको मुद्दा विचाराधीन अवस्थामा छ । यस्तो अवस्थामा पक्राउ पुर्जी जारी गर्ने कुरा हुँदैन । त्यसैले त्यो पत्र के कसरी गयो अनुसन्धान भइरहेको छ । कार्यान्वयन नगर्नू भनी अर्को पत्र पठाइसकिएको छ ।'-उनले भने ।

त्यस्तै अदालतल कारागार कार्यालय डिल्लीबजार काठमाडौंलाई अनधिकृत पत्र लेख्ने शाखा अधिकृतमाथि कारबाही प्रक्रिया सुरु भइरहेको जनाएको छ । अनधिकृत रुपमा सो पत्र लेख्ने अधिकृतलाई कानुन बमोजिमको कारबाहीको प्रकृया सुरु गरिएको प्रवक्ता कुईंकेलले जानकारी दिए । यसैगरी सर्वोच्चको मुद्दा शाखाबाट रेशमलाई पक्राउ गर्ने पत्र लिएर गएका शाखा अधिकृत महिमानसिंह विष्टलाई पक्राउ गरेर हिरासतमा राखिएको छ । उनले आफूलाई हिंसामा मरेका मान्छेहरूको आत्माले पोलेकाले पत्र लेखेको बयान प्रहरीलाई दिएका छन् ।

» बाँकी ३ पेजमा

# भन्सार राजस्व लक्ष्यमा पुग्न सकस

भैरहवा भन्सार कार्यालयले चालु आवको नौ महिनामा लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन । यद्यपी गत वर्षभन्दा राजस्व संकलन वृद्धि भएको छ ।



**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवा भन्सार कार्यालय, रुपन्देहीले चालु आर्थिक वर्ष २०८१-८२ को तेस्रो त्रैमासिकसम्मको ९ महिनामध्ये असोजमा मात्रै राजस्व लक्ष्य पार गरेको छ । कार्यालयले चालु वर्षमा एक खर्ब नौ अर्ब ३३ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य दिएकोमा विगत ९ महिनामध्ये ८ महिनामा राजस्व लक्ष्य पार नभए पनि गत वर्षको तुलनामा बढी राजस्व संकलन भएको छ ।

तीन वर्षयता राजस्व सङ्कलनमा विभागले निर्देशन गरेअनुसार लक्ष्य पुरा गर्न असफल भएको कार्यालयले चैत्रमा मासिक लक्ष्यको ८५ दशमलब २ प्रतिशतका दरले राजस्व सङ्कलन गरिरहेको कार्यालय प्रमुख एवं मुख्य भन्सार अधिकृत रामप्रसाद रेग्मीले बताए ।

मुलुककै दोस्रो ठुलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले २०७८ पुस ५ गतेबाट नेपाल राष्ट्र बैंकले १८ वटा शीर्षकका विलासिताका वस्तुहरुको आयातमा अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमि हुँदै आएको थियो । २०८१ को भदौ महिनासम्म पनि कार्यालयले विभागबाट पाएको लक्ष्य पार गर्न सकेको थिएन । असोज महिनामा भन्सार विभागले दिएको लक्ष्य पार गरे पनि त्यसयता लक्ष्य पार नभए पनि अन्य महिनाको राजस्व सङ्कलन पनि ८३ प्रतिशतभन्दा माथि रहेको भैरहवा भन्सार कार्यालयका प्रमुख रेग्मीले बताए ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८१/०८२ का लागि एक खर्ब ९ अर्ब ३३ करोड २२ लाख ५२ हजार राजस्व संकलन लक्ष्य दिएकोमो चालु आर्थिक वर्षको ९ महिनामा कुलमध्ये ६५ प्रतिशत राजस्व संकलन गरेको छ ।

'आन्तरिक नियन्त्रण प्रणालीमा सुधार, चोरी पैठारी नियन्त्रण एवं अवैध व्यापारमा निगरानी, स्वदेशमा निकासी मूलक उद्योगहरू सञ्चालन हुँदा बजार र अर्थतन्त्र चलायमान, मोटरसाइकल, कारहरूको पैठारीमा वृद्धि, चुस्त भन्सार प्रशासनलगायत कारणले भन्सारबाट हुने आयात निर्यात एवं राजस्व सङ्कलन प्रभावकारी ढङ्गले भएकोले राजस्व संकलन राम्रो हुँदै गएको हो ।'- मुख्य भन्सार अधिकृत रेग्मीले भने । रेग्मीका अनुसार भैरहवा भन्सार कार्यालयले गत वर्षको ९ महिनाको तुलनामा १६ दशमलब १९ प्रतिशत राजस्व सङ्कलन वृद्धि भएको छ ।

भैरहवा भन्सार कार्यालयको तथ्याङ्कअनुसार गत वर्षको ९ महिनाको तुलनामा चालु वर्षको ९ महिनामा आयात तथा निर्यात व्यापार दुबै वृद्धि भएको छ । चालु वर्षको ९ महिनामा १ खर्ब ९१ अर्ब ६१ करोड ९५ लाख ५८ हजार रुपैयाँ मूल्य बराबरका विभिन्न सामान आयात भएको छ । गत वर्ष यसै अवधिमा १ खर्ब ७७ अर्ब ६४ करोड रुपैयाँ मूल्य बराबरको सामान आयात भएको थियो ।

तुलनात्मक रुपमा गत वर्षको तुलनामा यस वर्षको ९ महिनामा आयात व्यापार ७ दशमलब ८७ प्रतिशतले वृद्धि भएको हो । त्यसैगरी निर्यात व्यापार गत वर्षको तुलनामा ३९ दशमलब ५ प्रतिशतले वृद्धि भएको रेग्मीले बताए ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८०/८१ का लागि एक खर्ब २७ अर्ब ८३ करोड ६६ लाख ७९ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ६३ दशमलव २४ प्रतिशत, आर्थिक वर्ष २०७९/८० का लागि एक खर्ब ५५ अर्ब ६० करोड ३८ लाख ७९ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ४९ दशमलव ४१ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा एक खर्ब २७ अर्ब ४२ करोड ६८ लाख २५ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ९० दशमलव ९४ प्रतिशत मात्रै राजस्व संकलन भएको थियो ।

भन्सार कार्यालयको तथ्याङ्कअनुसार २०७७/७८ पछि लक्ष्य अनुसारको राजस्व संकलन हुन सकेको थिएन् । वर्षेनी मुलुकको बजेटको आकार बढेकोले स्रोतको सुनिश्चितताका लागि भन्सारको लक्ष्य पनि बढ्ने गरेको छ । तर लक्ष्य थपिए पनि सो अनुसारको राजस्व संकलन भने हुन सकेको थिएन ।

» बाँकी ३ पेजमा

# पार्किङ् व्यवस्थापनले व्यवसायी उत्साहित

**आचार्य प्रदीप**

*बुटवल*





बुटवलको मुख्य बजार क्षेत्र अमर पथ, बीपी चोक र राममन्दिर क्षेत्रमा रहेको पार्किङ् व्यवस्थापन सहज भएको छ। पार्किङ् गर्ने ठाउँको अभावले सडकमा मनपरी पार्किङ् हुँदा बजार क्षेत्र अस्तव्यस्त थियो । पार्किङ् व्यवस्थापन भएपछि मुख्य बजार क्षेत्र व्यवस्थित देखिएको छ ।

बुटवल उप-महानगरपालिकाले बुटवलको मुख्य बजारलाई गुल्जार बनाउन बुटवल–६ स्थित पूरानो फिल्म हलको खाली जग्गा १० वर्षका लागि भाडामा लिएर पार्किङ् क्षेत्र तोकेको छ । उप-महानगरपालिकाले गत पुस १४ गतेदेखि पार्किङ् व्यवस्थापन गर्दै आएको छ ।

बुटवल रानीगञ्जका राजु पन्थीले पार्किङ्स्थल व्यवस्थापन भएपछि बजार व्यवस्थित बनेको बताए । 'अहिले बजार अस्तव्यस्त छैन, सर्वसाधारणले पाउँदै आएको सास्ती हटेको छ ।'-उनले भने ।

बुटवलका हाटबजारमा कपडा बेच्ने मञ्जु घिमिरे पनि पन्थीको भनाइसँग सहमत छिन् । बजारमा सामान लिन छिरेपछि बाहिर निस्कन समस्या हुँदै आएकोमा अहिले सहज भएको उनको भनाइ छ । पार्किङ्स्थलमा व्यवसायीका चार पांग्रे साधन पार्किङ् हुँदै आएका छन् ।

अमरपथका व्यवसायी विनोद खातीले पार्किङ् व्यवस्थापनले व्यवसायीलाई पनि सहज भएको बताए । पार्किङ् शुल्क ५० रुपैयाँ तोकिएको छ । 'अहिले सडक जाम हुने र बजार अस्तव्यस्त हुन छाडेको छ, बजारमा व्यवसायी र उपभोक्ता दुवैलाई फाइदा पुगेको छ ।'-उनले भने ।

बजारलाई गुल्जार बनाउन पार्किङ्स्थल व्यवस्थापन गरेको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले बताए ।

बुटवल उप-महानगरपालिकाले बुटवल उद्योग वाणिज्य संघ, स्थानीय संघ संस्था र टोल विकाससँग लामो समयदेखि छलफल तथा समन्वय गरी पार्किङ्स्थल व्यवस्थापन गरेको हो । बुटवल उप-महानगरपालिकाले व्यवसायी तथा घरधनीहरुलाई जानकारी र सचेत गराउँदै आएको थियो । आइतबार बुटवलको बीपी चोकमा एक कार्यक्रमको आयोजना गरी औपचारिक रुपमा जानकारी गराएको छ । बजार समयमा अनिवार्य रुपमा सवारी साधानहरु पुरानो फिल्म हलमा रहेको खाली स्थानमा लगेर राख्नु पर्ने व्यवस्था अनिवार्य गरिएको छ । बुटवल उप-महानगरपालिकाको पार्किङ् व्यवस्थापन गर्ने निर्णय कार्यान्वयन गर्न सबैको साथ आवश्यक रहेको नगरप्रमुख पाण्डेले जानकारी दिए । बुटवलका अन्य ठाउँमा पनि निश्चित पार्किङ् क्षेत्र तोक्ने गरी लागेको र छिट्टै निर्धारण गरिने उनको भनाइ छ ।

बुटवल उप-महानगरपालिका- ५ का अध्यक्ष तथा पार्किङ् व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद श्रेष्ठले उप-महानगरपालिकाले तोकेको स्थानमा पार्किङ् गरी बुटवललाई सुन्दर बनाउने काममा पार्किङ्को काम सफल बनेको दाबी गर्छन् । पार्किङ्स्थलमा सिसिटिभि जडानलगायत सबै सुरक्षाको जिम्मेवारी उप-महानगरले लिएकोले व्यवसायीलाई सहज भएको छ ।

बुटवल-६ का वडाध्यक्ष लोकनाथ न्यौपानेले पार्किङ् गर्दा आवश्यक सुरक्षाको व्यवस्था मिलाएकाले ढुक्कसँग पार्किङ् गर्न आग्रह गरे । सुरक्षाका लागि दुईजना गार्डको व्यवस्था गरिएको छ ।

बुटवल-४ का वडाध्यक्ष नरिश्वर शर्माले धेरै घरधनी र व्यवसायीहरुसँग छलफल र परामर्श गरी निर्णयमा पुगेको बताए । बुटवललाई अव्यस्थित पार्किङ् र तारले कुरुप बनाएको बताउँदै उनले आफूहरु तारको व्यवस्थापनमा पनि लागिरहेको बताए ।

बुटवलका तीन वडाका व्यवसायीका चारपांग्रे सवारी साधनहरु सडकको सट्टा पार्किङ्स्थलमा हुँदा बजारको ट्राफिक व्यवस्थापन सहज भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका डीएसपी मधुसुदन न्यौपानेले बताए ।



## सम्पादकीय

# श्रमप्रति सम्मान गरौँ

आज अन्तर्राष्ट्रिय श्रमिक दिवस अर्थात् मे दिवस । सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन र आठ घन्टा आराम' नारासहित सुरु भएको मजदुर आन्दोलनको सम्झनामा विश्वभर श्रमिक दिवस मनाइन्छ ।

विश्वका मजदुरले यस दिवसलाई पर्वका रुपमा लिँदै आफ्ना हकअधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गरी मनाउँछन् । नेपालमा समेत मजदुर सङ्गठनले विभिन्न कार्यक्रम गर्दै यो दिवस मनाउँदै आएका छन् । नेपालमा विराटनरगमा २००७ सालमा मजदुर आन्दोलनसँगै यो दिवस मनाइन थालिएको हो । विसं २०४६ को राजनीतिक परिवर्तनसँगै नेपालमा यो दिवसमा सार्वजनिक बिदा दिन थालिएको हो ।

नेपाली समाजमा लामो समयसम्म श्रमलाई हेयका दृष्टिकोणले हेर्ने सामाजिक मान्यता रह्यो । कतिपय श्रमका क्षेत्रहरुमा नेपाली श्रमशक्तिको सहभागिता समेत देखिंदैन । जसबाट वर्षेनी अर्बौंको पुँजी रेमिट्यान्सका रुपमा पलायन भइरहेको छ । श्रमलाई हेयका दृष्टिकोणले हेर्ने प्रवृत्तिले कतिपय रोजगारीका लागि विदेश जान बाध्य छन् । यही काम र काम गर्ने इच्छा हुँदा पनि समाजले हेर्ने दृष्टिकोण नफेरिदा यहाँ काम गर्न विदेशी आउने र यहाँको जनशक्ति पलायन भइरहेको छ । अब श्रमलाई सम्मानको दृष्टिले हेर्ने वातावरण बनाउनुपर्छ । श्रम शक्तिको विकासबाट नै समृद्ध राष्ट्रको निर्माण सम्भव छ । श्रम शक्तिको सम्मानको वातावरण बनाएर अघि बढ्न आवश्यक छ । विकास र समृद्धिको नागरिकको आकांक्षा पूरा गर्न श्रमशक्तिलाई अर्थतन्त्र र मुलुकको पूर्वाधार विकासमा लगाउनु अनिवार्य छ ।

मुलुकमा आजको यो परिस्थिति २००७, २०४६ र २०६२/०६३ मा भएका राजनीतिक आन्दोलन र क्रान्तिको सफलताबाट निर्माण भएको हो । उक्त आन्दोलनमा नेपाली श्रमिकवर्गको सहभागिता र बलिदान अविस्मरणीय छ । नयाँ संविधानले एकात्मक र केन्द्रीकृत राज्यव्यवस्थाको अन्त्य गरी संघात्मक र समाजवाद उन्मुख राज्य व्यवस्थाको स्थापना गरेको छ । संविधानले व्यवस्था गरेको समाजवाद उन्मुख राज्य व्यवस्था व्यवहारमा कार्यान्वयन गर्दै जाँदा समाजमा वर्गीय विभेदको खाडल पुरिंदै जाने निश्चित छ । श्रमिकवर्गको हितका लागि सरकारले सामाजिक सुरक्षा कार्यक्रम घोषणा गरी कार्यान्वयन अघि बढाएको छ । यो कार्यक्रम व्यवहारिक रुपमा कार्यान्वयन हुँदै श्रमिक वर्गको हित र सम्मान स्थापित हुनेछ । श्रमशक्तिको विकासवाट नै समृद्ध नेपाल निर्माण सम्भव हुन्छ भन्ने मान्यताका आधारमा अघि बढ्न आवश्यक छ । सम्पूर्ण श्रमजीवि वर्गमा अन्तर्राष्ट्रिय श्रमिक दिवस (मई १)को उपलक्ष्यमा हार्दिक शुभकामना !




## सन्दर्भ विश्व मजदुर दिवसः

# >d ;Ddfg





डा. तारानाथ भट्टराई

यो देशमा पसिनाको सम्मान नै छैन । हाम्रो श्रमको अलिकति पनि सम्मान हुने भए, कसलाई रहर छ र अरुको देशमा पसिना बगाउने ? कृषि पेशा गरी घरमा गाईं भैंसी पाल्नेको भन्दा कुकुर पाल्नेको इज्जत हुने, आफ्नो काम आफैँले गर्नेको भन्दा अर्काको छोरा/छोरीलाई काम कज्याउने को बढी इज्जत हुने, इत्यादि जस्ता हाम्रो समाजमा व्याप्त यी यर्थाथ प्रवृत्तिहरु समाज विकासका प्रमुख बाधकहरु मध्ये रहेको मानिन्छ ।

'श्रम विना कुनै पनि कुराको विकास सम्भव हुँदैन ।' दार्शनिक सोफेकेलेसको यो पंक्तिले श्रमको महत्व प्रष्ट पारेको छ । हरेक सीप विकासको सुरुवात श्रमसँगै हुन्छ भन्ने आशय विश्वविख्यात दार्शनीक जोन डिवे को रहेको छ । त्यसैगरी श्रम विना समाज अगाडि बढ्न नसक्ने तथा श्रमले नै समाज संरचनाको विकासको निमित्त शान्तिपूर्ण क्रान्ति अगाडि बढाउने दाबी महात्मा गान्धीले गरेको छन् । कार्ल मार्क्सले श्रमलाई समाजमा आमूल परिवर्तन गरि पूनःसंरचनाको मार्गमा अगाडि बढाउने कारक तत्वको रुपमा ठोकुवा गरेका छन् । अब्राहम लिङ्कनका अनुसार कुनै पनि व्यक्ति तथा समाजलाई आत्मनिर्भर तथा स्वतन्त्र बनाउने एकमात्र आधारको रुपमा श्रम नै भएको कुरा दाबी गरेका छन् । दार्शनिक कन्फ्यूसियसले श्रम अर्थात् मेहनत मानिसको अपरिहार्य सद्गुण हुनुपर्नेमा जोड दिएका छन् । यसरी उल्लेखित अभिव्यक्तिहरुका आधारमा भन्न सकिन्छ कि श्रम अर्थात् मेहनत नै हरेक विकास तथा परिवर्तनको आधार हो । व्यक्ति, परिवार, समाज, समुदाय, राष्ट्र तथा समग्र विश्वको परिवर्तन सुधार तथा विकासको निमित्त श्रमको आवश्यकता पर्दछ । श्रम विना कुनै पनि सकारात्मक प्रकृया अगाडि बढ्न सक्दैन । अतः जुन व्यक्ति, परिवार तथा समाजमा श्रम वा मेहनत गर्ने परिपाटी हुन्छ, त्यहाँ विकास तथा परिवर्तन हुन्छ, अन्यथा त्यो यथास्थिति मै रहन्छ । यसरी श्रमको मात्रा ले नै विकासको गति निधारण गर्दछ । कुनै पनि देश छिटो वा ढिलो विकसित हुनुमा त्यस देशका मानिसहरुले गर्ने श्रम र श्रम प्रतिको दृष्टिकोणले ठूलो भूमिका खेलेको देखिन्छ ।

श्रम प्रतिको दृष्टिकोण समाजमा व्याप्त संस्कृतिबाट प्रभावति हुन्छ र त्यसले श्रमको मूल्याङ्कनलाई प्रत्यक्ष्य प्रभाव पारेको हुन्छ । समाजमा व्याप्त प्रत्येक पेशा, व्यावशाय तथा कार्यहरु श्रमसँग जोडिएका हुन्छन् र उक्त पेशा तथा कार्यहरुलाई हेर्ने दृष्टिकोण समाज अनुसार फरक पर्दछ जसको मुख्य कारण समाजमा विद्यमान संस्कृति ( जुन धर्मसँग पनि जोडिएको हुन्छ) हो भन्ने आशय कार्ल मार्क्स को रहेको छ । कुनै पनि पेशा अथवा कामलाई सानो वा ठूलो, राम्रो वा नराम्रो उच्च स्तरको वा निम्नस्तरको भनि निर्धारण गर्नमा विद्यमान समाजमा व्याप्त संस्कृतिको ठूलो भूमिका हुन्छ । अतः कुनै पनि समाजमा श्रमको कति सम्मान गरिन्छ भन्ने कुरा त्यस समाजमा व्याप्त संस्कृतिले निर्धारण गर्दछ । मुलतः हिन्दु धर्मद्वारा निर्देशित हाम्रो संस्कृतिमा परम्परा देखिनै उच्च तथा निम्न जात वा वर्णका आधारमा पेशा तथा कार्य विभाजन र सोही अनुरुपको दृष्टिकोण निर्धारण भई अझसम्म पनि त्यसको प्रभाव रही रहेको पाइन्छ भन्ने धारणा शिक्षाविद् विद्यानाथ कोइरालाको रहेको छ । उदाहरणको लागि सुकिलो कपडा लगाई कुर्सीमा बसेर गरिने पेशा तथा कार्यहरुलाई उच्च सम्मान दिइने, तर खेतवारी, भवन निर्माण कलकारखाना इत्यादी जस्ता पेशा तथा कामहरुलाई निम्न दृष्टिकोणले हेरिने यथार्थ हाम्रो समाजमा विद्यमान छ । सामान्यतया यदि कसैले सजिलो खालको कार्य गर्दछ भने त्यसलाई राम्रो पेशा मानिन्छ तर अप्ठ्यारो अर्थात् शारीरिक श्रम वढी प्रयोग हुने कार्य गर्दछ भने त्यसलाई नराम्रो मानिने साँघुरो दृष्टिकोण अझ पनि हाम्रो समाजमा व्याप्त छ । कुनै पनि व्यक्तिसँग पहिलो पटक भेट हुँदा उसले के काम गर्दछ भन्ने प्रश्न हाम्रो समाजमा मुख्य चासोको विषय मानिन्छ । अनि उसले गर्ने काम तथा पेशाको आधारमा उ प्रतिको दृष्टिकोण तथा सम्मानको तह निर्धारण गरिन्छ । तर उसले उक्त काम कसरी गर्छ ? कति मिहनेत तथा इमान्दारिताका साथ गर्छ भन्ने कुराको त्यति चासो राखिन्न । मानौं कुनै सार्वजनिक स्थलमा बाटो खन्ने कार्य भइरहेको छ, मरिमरि पसिना चुहाई बाटो खन्नेहरुलाई भन्दा त्यहाँका कथित नाइकेहरु जो अनावश्यक गफ गरेर बसिरहेका हुन्छन्, तिनीहरुलाई नै ठूला मान्छेको दर्जा दिइन्छ, सम्मान गरिन्छ । जसले गर्दा पसिनाको मूल्य नगन्य हुनजान्छ । फलस्वरुप सबैलाई नेता बन्ने होडबाजी, कुर्सीमा बस्ने तछाडमछाड को परिपाटीको विकास हुनजान्छ । मेहनत गर्ने परिपाटी निरुत्साहित भई ठगी तथा भ्रष्टचारी मौलाउँदै जान्छ । उत्पादनशिलतामा काम आउँछ, विकासको गति कमजोर हुँदैजान्छ । हाम्रो समाज यहि कुसंस्कृतिले ग्रासित छ त्यसैले विकासमा पछाडि छ । तर विकसित समाजको संस्कृतिले यस्तो भन्दैन । पश्चिमेली विद्वान इडविनले दाबीका साथ भनेका छन् की तपाईंको श्रमको सम्मान तपाईंले के काम गर्नुहुन्छ ? मा होइन, तपाईंले त्यो काम कसरी गर्नुहुन्छ ? मा हुन्छ । यसवाट स्पष्ट हुन्छकी श्रमको मूल्याङ्कन कुनै पनि व्यक्तिको कार्यशैली, इमान्दारिता कार्यदक्षता तथा प्रभावकारीताका आधारमा गरिनु पर्दछ । यसरी हेर्दा श्रमको सम्मान भनेको त मेहनेतको सम्मान हो । पसिनाको सम्मान हो । इमान्दारीताको सम्मान हो । कार्यदक्षता, प्रभावकारिता अथवा सीपको सम्मान हो ।

कुनै पनि काम सानो हुँदैन, जुनसुकै काम जसले मानव र मानवताको हित गर्छ, त्यसको समान महत्व हुन्छ र त्यसलाई सधैँ सम्मान गरिनु पर्दछ भनि मार्टिन लुथर कीङ्ग जुनियरले ठोकुवा गरेका छन् । विकसित देशहरुमा तपाईं के काम गर्नुहुन्छ ? भन्ने प्रश्न सोधिदैन, बरु तपाईं कुन ठाउँमा काम गर्नुहुन्छ ? कति घण्टा काम गर्नुहुन्छ ? भनेर सोधिन्छ । यसले हाम्रो र उनीहरुको पेशाा प्रतिको दृष्टिकोणमा स्पष्ट भिन्नता देखाउँछ । फलानोले के पेशा /के नोकरी गर्छ ? यो हाम्रो चासो हो, अनि संस्कति हो । यसैबाट हामी प्रशिक्षित छौं । त्यसैले यो हाम्रो शिक्षा पनि हो । फलानोले कति इमान्दारिता र प्रभावकारिताका साथ काम गर्छ ? यो प्रश्न हाम्रो संस्कृतिमा गौण देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा विकसित देशहरु र हाम्रो समाजमा श्रम प्रतिको दृष्टिकोणमा ठूलो भिन्नता देखिन्छ । उदाहरणको लागी अमेरिकामा भवन निर्माण, विद्युत् तथा धारा जडान मर्मत, घर पेन्टीङ्ग, ढल सरसफाइ इत्यादि जस्तो शारीरिक श्रमजन्य कार्यहरुलाई अरु सामान्य कार्य (जस्तै पसलमा सामान बेच्ने, निरक्षण गर्ने) भन्दा दशगुणासम्म बढी परिश्रमिक दिइन्छ । यसको अर्थ जत्तिबढी श्रम, त्यत्ति नै सम्मान भन्ने बुझिन्छ । तसर्थ अमेरिकामा यस्ता कामहरु प्राप्त गर्न सामान्य व्यक्तिहरुमा तछाड मछाडको परिस्थिति सृजना भएको पाइन्छ । यस्ता कामदारहरुको आम्दानी बढी हुने भएकोले जीवनस्तर तथा जीवन शैली आकर्षक हुन्छ । तर हाम्रो समाजमा यसको ठीक उल्टो परिस्थिति व्याप्त छ । सकी नसकी पसीना बगाई उच्च शारीरिक जोखिम मोलेर काम गर्नेहरुको पारिश्रमिक नगन्य हुन्छ, साथै उनीहरुलाई सामन्यतया समाजले हेर्ने दृष्टिकोण पनि निम्न हुन्छ, जीवनस्तर पनि कठिन हुन्छ । तर दिनभर खुट्टा हल्लाएर हस्ताक्षर गर्ने तथा तोक लगाउने र पाएसम्म घुस खानेहरुको पारिश्रमिक तथा सम्मान बढी हुन्छ । जीवनशैली आरामदायी हुन्छ । जसले गर्दा परिश्रम गर्नेहरुमा नैराश्यता तथा हिनताको भावना पैदा हुन गई विदेश पलायन हुने क्रम बड्दै गएको यथार्थ स्पष्ट देख्न सकिन्छ । अर्कोतर्फ विकसीत देशमा मानौ कुनै एउटा होटलमा म्यानेजरदेखि लिएर क्लिनरसम्म सबैलाई आ-आफ्नो काममा उत्तिकै समान महत्व तथा जिम्मेवारी प्रदान गरिनु, समान व्यवहार गरिनु र उत्तीकै सम्मानपूर्ण दृष्टिकोणले हेरिनुले गर्दा नेपालमा त्यही पेशा तथा नोकरी गर्न हिचचिाउनेहरु विदेशमा गई त्यही कार्य आत्म सम्मानका साथ गरिरहेको तीतो यथार्थ छलङ्ग देख्न सकिन्छ ।

शिक्षा र संस्कृतिलाई एक अर्काका परिपूरक मानिन्छ । संस्कृति मूल्यमान्यता तथा दृष्टिकोणको समग्र रुप हो । संस्कृतिले परम्परा, धर्म, रीतिरिवाज इत्यादिसम्बन्धी विचारहरु बोकेको हुन्छ । शिक्षालाई संस्कृतिको संवाहकको रुपमा लिइन्छ । प्रत्येक समाजको शिक्षाले त्यहाको संस्कृति वोकेको हुन्छ । संस्कृतिले शिक्षाको ढाँचा निर्माण गरेको हुन्छ भने शिक्षाले चेतनाको माध्यमद्वारा संस्कृतिको सुधार तथा पुनःनिर्माण गर्दछ । अर्थात् संस्कृतिले शिक्षालाई प्रभावित गरेको हुन्छ भने शिक्षाले संस्कृतिको विकास गर्नमा ठूलो योगदान पुर्याएको हुन्छ । ठूलो भएपछि कि त डाक्टर कि त इञ्जिनियर बन्नु पर्दछ भनेर एकोहोरो रुपमा बालबालिकालाई रटाइने संस्कृति हामीमा अझैं व्याप्त छ । डाक्टर, इञ्जिनियर इत्यादि बाहेक अरु त पेशा नै होइनन् भन्ने संस्कृति बोकेको हाम्रो शिक्षाले विद्यार्थी तथा अभिभावकमा एक खालको विकृति थोपरेको पाइन्छ । व्यक्तिगत क्षमता, रुची तथा आवश्यकताहरुलाई एकतिर पन्छाएर डाक्टर, इञ्जिनियर बन्ने बनाउने होडबाजीले अस्वस्थ प्रतिष्पर्धा, शिक्षामा व्यापारीकरण र भ्रष्टचार निम्ताएको यथार्थलाई नकार्न सकिंदैन । यसको सबैभन्दा घातक पक्ष त अन्य पेशाप्रति निम्न दृष्टिकोणको विकास भई व्यवसायिक सीपमूलक, कृषिजन्य र घरेलु व्यवसाय तथा पेशाहरु ओझेलमा परेका छन् ।

अर्कातर्फ हिन्दु परम्परा बोकेको हाम्रो संस्कृतिले कथित उच्च र निम्न जात तथा वर्णका आधारमा पेशा विभाजन गरिदिएकोले कुनै पनि पेशालाई हेर्ने दृष्टिकोणमा भिन्नता सृजना गरी धेरै हदसम्म कुनै पनि काम तथा पेशालाई ठूलो तथा सानोको संकुचित घेरामा राखेको अवस्था अझैं पनि समाजमा व्याप्त देखिन्छ । कुनै एक ब्राम्हणको पैसावाला छोरोले मरेका र मारिएका जनावरहरुको छाला जम्मा गरेर व्यवस्थित रुपमा प्रशोधन गरी स्तरीय छाला उत्पादन गरी अन्य मुलुकमा निर्यात गर्ने सोंच किन गर्दैन ? यो सोंचलाई कुन कुराले रोकेको छ ? यस्तो सोचको विकास हाम्रो समाजमा कहिले होला ? यी प्रश्नहरुको जवाफदेहितामा हाम्रो संस्कति र शिक्षा दुवैको जिम्मेवारिता देखिन्छ । परम्परादेखि नै कडा परिश्रम प्रयोग हुने र जोखीमपूर्ण पेशा तथा कामहरु कथित तल्लो जातिको भागमा जन्मजात रुपमा पर्नु, उनीहरुको कामलाई तुक्ष्य दृष्टिकोणले हेरिनुमा सर्वप्रथम हाम्रो संस्कृति जिम्मेवार छ, त्यसपछि परम्परा, अन्धविश्वास, अव्यवहारिकता र अवैज्ञानिकता बोकेको हाम्रो शिक्षा जिम्मेवार देखिन्छ । जुन पेशा अथवा काममा बढी पसिना बगाउनु पर्दछ त्यही पेशालाई अपमान तथा हेला गर्नु भनेको त सिधैँ श्रमको अपमान गर्नु हो ।

श्रमको अपमान गर्नु भनेको सीप विकास तथा व्यवसायिकतालाई निरुत्साहित गर्नु हो, उत्पादनमा कमि ल्याउनु हो । विकासको गतिलाई घटाउनु हो । जापान, चीन अमेरिका जस्ता देशहरुमा उच्च विकास हुनुको मूलभूत श्रेय त्यहाँको जनशक्तिलाई मानिन्छ । अमेरिकाका प्रशिद्ध कुटनीतिज्ञ ग्रोभर क्लेभल्याण्डका अनुसार 'अमेरिकाको समृद्धिको मूल मर्म भनेको साँचो श्रमको पहिचान तथा सम्मानद्वारा इमान्दारिताका साथ पसिना बगाउनेहरुको आत्मसम्मानको वृद्धि गर्ने हुनुपर्दछ' भनि उल्लेख गरेको पाइन्छ । त्यसैगरी 'जापनको जन, त्यहाँको धन' भन्ने प्रचलित भनाइले पनि मेहनत गर्ने परिपाटीको सम्मान गरेको पाइन्छ । त्यस्तै चीनको सन्दर्भमा हेर्ने हो भने १९४९ मा चीन स्वतन्त्र भएपश्चात् अन्धविश्वासी संस्कृतिमा पूर्णरुपमा बन्देज लगाई परिश्रममा विश्वास गर्ने, कामदारलाई सम्मान गर्ने श्रमको आदर गर्ने कुराहरुलाई शिक्षाको मूल उद्देश्यमा समाहित गरी कडाइका साथ कार्यान्वयनमा ल्याएको पाइन्छ । तर हाम्रो देशको शिक्षा आफैंमा परम्परावादी, अव्यवहारिक अवैज्ञानिक तथा सिद्धान्तमुखी भएकोले अन्ध विश्वासबाट ग्रसित संस्कृतिलाई परिवर्तन र परिमार्जन गर्न नसकेको अवस्था देखिन्छ । तसर्थ शिक्षालाई वैज्ञानिक, कार्यमूलक र उत्पादन मुखी बनाउन सकिएमा कार्य अर्थात् काममा विश्वास गर्ने परिपाटीको विकास भई समाजमा मेहेनत तथा श्रम गर्ने र श्रमलाई सम्मान गर्ने परिपाटीको विकास हुन गई उत्पादन मुखी क्रियाकलापहरु द्वारा समाजको तथा सम्पूर्ण राष्ट्रको विकासले गति लिने कुरामा दुइमत नहोला । वैज्ञानिक तथा व्यवहारीक शिक्षाको माध्यमद्वारा हरेक पेशालाई सम्मानीत बनाउन तालिमको व्यवस्था गर्नु, उपयुक्त नीति नियम निर्धारण गर्नु, लाइसेन्सको व्यवस्था गर्नु, बालबालिकालाई कार्यस्थलमा लगि प्रत्यक्ष्य सहभागी गराई प्रयोगात्मक कक्षा सञ्चालन गर्नु जस्ता रणनीतिहरु अपनाएमा श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास भई उत्पादनमुखी र विकासमुखी समाजको स्थापना हुने थियो की ?

# उफ् गर्मी ! गर्मीबाट बच्ने अयुर्वेदिक उपाय



डा.दिपेन देवकोटा

गर्मीले हामीलाई ताताउन सक्छ, तर आयुर्वेदको ज्ञान र नेपाली घरायसी उपायहरू प्रयोग गरेर हामी यसलाई हराउन सक्छौं ! यस लेखमा दिइएका खानेकुरा, जीवनशैली र जडीबुटीको संयोजनले तपाईं हामीलाई गर्मीमा पनि शितल, तरोताजा र स्वस्थ राख्नेछ । प्रकृति नै सबैभन्दा ठूलो चिकित्सक हो, हामीले केवल उसको बोली बुझ्नुपर्छ । आयुर्वेदलाई आत्मसात गरौं, शीतल र स्वस्थ जीवन बिताऔं ।

वास्तवमा अहिले वसन्त ऋतुको समय हो । जलवायु परिवर्तनको प्रभावले गर्दा अनाब्रिस्टि, अतिब्रिस्ट, ग्रिष्म ऋतुमा अति गर्मी र जाडोयाममा अति चिसो महसुस भैरहेको । मौसमको हिसाबले अहिले वसन्त ऋतु हो तर पनि गर्मी बढिरहेको हामीले महसुस गरेका छौं ।

विस्तारै अब हामी ऋतु सन्धिमा प्रवेश गर्दैछौं । हामीले वसन्त ऋतुचर्यालाई छोडी ग्रिष्म ऋतु चर्यालाई पालना गर्नु पर्दछ । ग्रिष्म ऋतुको समयमा कफ दोष घट्दै जान्छ र वात दोषको सञ्चय भैरहेको हुन्छ । तर पनि सूर्यको किरणले गर्दा शरीरको तापमान बढिरहेको हुन्छ । गर्मी सुरु भएपछि शरीर मात्र हैन, मन पनि गल्न थाल्छ । पसिना, थकाइ, शरीरमा पानीको कमी, छाला सुख्खा आदि समस्या । यी सबै गर्मीले ल्याउने झमेलाहरू हुन् तर चिन्ता नगर्नुहोस्, हाम्रो परम्परागत आयुर्वेदमा यस्ता समस्याको समाधान भरपूर छ । गर्मीमा पित्त दोष बढ्ने भएकाले त्यसलाई नियन्त्रणमा राख्न घरमै पाइने चिजहरूको प्रयोग गरेर सहजै राहत पाइन्छ ।

गर्मीले शरीरमा पार्ने असरहरूमा घाम चर्को लाग्छ, जसले गर्दा शरीरको ताप बढ्छ। पसिना बग्ने, पाचन गडबडी हुने, छाला सुकेको महसुस हुने, तिखी लागिरहने, आँखा पोल्ने, थकान हुने जस्ता समस्या देखिन्छन् । यस्तो अवस्थामा शरीरमा पानीको मात्रा सन्तुलनमा राख्नु र शरीरलाई चिसो बनाइराख्नु जरूरी हुन्छ । आयुर्वेदको नजरमा गर्मीको मौसम आयुर्वेद अनुसार एक वर्षलाई ६ ऋतुमा बाँडिन्छ । जेठदेखि असारसम्मको समयलाई ग्रीष्म ऋतु भनिन्छ । शरीरमा तातोपन हुन्छ । त्यसैले गमीलाई शान्त पार्ने उपाय अपनाउनु जरूरी हुन्छ ।

पित्त दोष जसले शरीरमा पाचनदेखि लिएर ताप नियन्त्रणमा भूमिका खेल्छ । गमीमा पित्त बढ्छ । त्यसको असर पेट पोल्ने, छाला रुखो हुने, मुटु ढुकढुकी बढ्ने, निन्द्रा नलाग्ने, ग्यास्टिक समस्या आदि रूपमा देखिन्छ । यस्तोमा चिसो खानेकुरा, पानी प्रशस्त, र शीतल स्वभावको जीवनशैलीले पित्तलाई सन्तुलनमा ल्याउन सकिन्छ ।

**मीमा खानेकुरा के के खाने ?**

स्वादिलो तर सन्तुलित खाना नै उत्तम विकल्प हो, मसालेदार, तारेको, भुटेको, गरम मसला प्रयोग गरिएका, बेसार र मरिच धेरै भएको खाना, रक्सि, चिया, कफी आदि टाढा राखौं ।

यसको सट्टा ज्वानो पानी, सत्तु, मौसमी फल जस्तै तरबुजा, खरबुजा, अंगुर, काक्रो, नरिवलपानी, उखुको रस, कुभिन्डोको रस, स्ट्रबेरी, मोही, गहुँ, चामल, दूध, कुरिलो जस्ता खानेकुरा खानु राम्रो हुन्छ । घरको बगैंचाबाट पुदीना, सौंफ, जीरा, धनियाँ प्रयोग गरौ, यी सबै पित्त कम गर्न सहयोगी हुन्छन् । पिउने कुराहरू बेलको सरबत, नारिवल पानी, गुलाब जल, अमलाको रस, लस्सी । यी घरमै बनाउन सकिने शीतल पेय पदार्थ हुन्, जसले शरीरलाई ठण्डा राख्छन् ।

**जीवनशैली र दैनिक दिनचर्या**

बिहानै उठेर नुहाउने, सकेसम्म नीमको पात हालेर पाकेको ठण्डा पानीले नुहाउने । दिउँसो घाम चकी हुँदा बाहिर ननिस्कने, निस्कनै परे गम्छा, टोपी, छाता, तथा सेतो तथा हलुका रंगका कपडा अनिवार्य प्रयोग गर्ने । हल्का, पातलो र कपासको कपडा लगाउने । योग र प्राणायाम गरेर शरीर र मनलाई शान्त राख्ने । समयमै खाना खाने र दैनिक ७-८ घण्टा सुत्ने बानि बसाल्ने ।

**घरेलु औषधि र चलनचल्तीका उपाय**

गुलाब जल आँखामा र अनुहारमा छर्कंदा चिसो अनुभव हुन्छ । चन्दनको लेप अनुहार वा शरीरकको विभिन्न भागमा लगाउनाले सितल अनुभव हुन्छ । बिहान खाली पेट अमलाको रस पिउदा शरीर शुद्ध हुन्छ र ताजगी दिन्छ । छालामा एलोभेराको जेल लगाउँदा पोल्ने कम हुन्छ र छाला नरम रहन्छ। त्रिफला चूर्ण राति सुत्नुअघि खाँदा पाचन ठिक राख्छ र गमी कम गर्छ ।

**योग, प्राणायाम र ध्यानको भूमिका**

शीतली प्राणायाम जिब्रो गोल पारेर सास तान्ने यो विधिले शरीरमा चिसोपन ल्याउँछ। भ्रामरी प्राणायाम शान्त स्वर निकाल्दै गरिने यस अभ्यासले मानसिक तनाव घटाउँछ । चन्द्रभेदी प्राणायाम शरीरमा तातोपन कम गर्ने असरदार विधि हो । शवासन शरीरलाई पूर्ण विश्राम दिने आसन हो । आयुर्वेदमा दिवास्वप्नलाई ग्रिष्म ऋतुमा बर्जित गरिएको छैन, अर्थात् दिनमा पनि केही समय सुत्न सकिन्छ । यसले शरीरको बललाई कायम राख्न मदत गर्दछ । व्यक्तिको शक्ति उल्लेखीय रुप कम भएको हुनाले ब्यायाम आफ्नो शक्तिको आधा मात्रा गर्नु पर्दछ भन्ने उल्लेख पाइन्छ ।

**बच्चा, बुढाबुढी र बिरामीको हेरचाह**

पर्याप्त मात्रामा पानी पिउनुहोस् । प्रत्यक व्यक्तिको शरीर फरक हुन्छ तथापी आफ्नो उमेर र आवस्यकता हेरेर कमसेकम ३-४ लिटर पानी पिउनुहोस् । पानी पिउन केही व्यक्तिलाई गार्हो हुन्छ भने मिश्री, कागती, मह, आदि मिसाउन सकिन्छ । बच्चाहरुलाई घाममा जान नदिनुहोस् । हलुका, पातलो र शितल सुतीको कपडा लगाइदिनुहोस् । सुत्ने ठाउँ चिसो र सफा बनाउनुहोस् ।

अन्त्यमा, गर्मी मौसम आफैं खराब होइन, यसबाट कसरी जोगिएर बाँच्ने भनेर बुझ्न आवश्यक छ । आयुर्वेदले प्रकृतिसँग मिलेर बाँच्न सिकाउँछ । गर्मी पनि सहज छ, यदि आयुर्वेदलाई बुझ्ने हो भने ! गर्मीले हामीलाई ताताउन सक्छ, तर आयुर्वेदको ज्ञान र नेपाली घरायसी उपायहरू प्रयोग गरेर हामी यसलाई हराउन सक्छौं ! यस लेखमा दिइएका खानेकुरा, जीवनशैली र जडीबुटीको संयोजनले तपाईं हामीलाई गर्मीमा पनि शितल, तरोताजा र स्वस्थ राख्नेछ । प्रकृति नै सबैभन्दा ठूलो चिकित्सक हो, हामीले केवल उसको बोली बुझ्नुपर्छ । आयुर्वेदलाई आत्मसात गरौं, शीतल र स्वस्थ जीवन बिताऔं ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा ८.१४ अंकको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार पनि गिरावट देखिएको छ । नेप्से परिसूचक आठ दशमलव १४ अङ्कले घटेर दुई हजार छ सय २३ दशमलव ८३ को बिन्दुमा कायम भएको हो ।

तीन सय १४ कम्पनीको दुई करोड ४६ लाख ४१ हजार दुई सय ६१ कित्ता सेयर ७९ हजार सात सय ७७ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ३७ करोड ४१ लाख २२ हजार छ सय ५५ बराबरको कारोबार भएको हो । कारोबारमा जलविद्युत् समूह शून्य दशमलव ६१, लघुवित्त शून्य दशमलव शून्य चार, म्युचुअल फण्ड शून्य दशमलव २३ र व्यापार समूह शून्य दशमलव ४० प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ७०, विकास बैंक एक दशमलव शून्य छ, वित्त एक दशमलव २४, होटल तथा पर्यटन शून्य दशमलव ५० र लगानी शून्य दशमलव ११ प्रतिशतले घटेको छ । त्यस्तै, लगानी शून्य दशमलव ११, जीवन बिमा शून्य दशमलव शून्य सात, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७२, निर्जीवन बिमा शून्य दशमलव १८ र अन्य समूह एक दशमलव १६ प्रतिशतले घटेको छ ।

समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ५८ करोड चार लाख २४ हजार चार सय २१ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटरको १४ लाख ४२ हजार आठ सय ८५ कित्ता सेयर किनबेच भएको छ ।



**व्यावसायिक रुपमा मौरीपालनः**
दाङको घोराही उप-महानगरपालिका-७ स्थित शुक्रबारमा व्यावसायिक रुपमा गरिएको मौरीपालन। पछिल्लो समय जिल्लामा मौरीपालक किसानको संख्या बढ्दै गएको छ। तस्विरः सुशीला ओली/रासस

# राज्यमन्त्रीमा गर्बुजा नियुक्त



बुटवल। ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्रीमा खमबहादुर गर्बुजा नियुक्त भएका छन्।

बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम गर्बुजालाई राज्यमन्त्री पदमा नियुक्त गरेका हुन्।

उनी म्याग्दीबाट निर्वाचित नेपाली कांग्रेसका सांसद् हुन्।

यही बैशाख १० गते प्रधानमन्त्री केपी शर्मा ओलीले यसअघिका उर्जा,जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङलाई सरकारले गरेका निर्णयविरुद्ध सार्वजनिक विरोध गरेको भन्दै बर्खास्त गरेका थिए।

ऊर्जा राज्यमन्त्री तामाङले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाइएपछि असन्तुष्टि जनाएका थिए।

# नेपाल धार्मिक पर्यटनको सम्भावना भएको देश हो : उप-प्रधानमन्त्री सिंह



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

नेपाल सरकारका उप-प्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपाल धार्मिक पर्यटनको सम्भावनाको देश भएको बताएका छन्। स्याङ्जाको वालिङमा श्रीमद् भागवत सप्ताह ज्ञान तण्डुलाचल तथा धार्मिक अनुष्ठानको शुभारम्भ गर्दै उप-प्रधानमन्त्री सिंहले पर्यटनको विकासमा धार्मिक क्षेत्रको संरक्षण र सम्वर्द्धनमा लाग्नुपर्ने बताएका हुन्। नेपालमा धार्मिक पर्यटनको राम्रो सम्भावना रहेको भन्दै उप-प्रधानमन्त्री सिंहले समाजलाई व्यवस्थापन गर्न धर्मले महत्वपूर्ण भूमिका खेल्ने बताए। 'धर्मले मानिसलाई संस्कार र संस्कृति सिकाउँछ,' उनले भने-' गर्न हुने र गर्न नहुने काम आफैं छुट्याउन भूमिका खेल्छ। आफैं निर्णय गर्न सक्ने धर्मलाई जोगाइराख्न यस्ता महायज्ञको भूमिका महत्वपूर्ण छ।'

समाजलाई सकरात्मक बाटोमा हिडाउन धर्मले भुमिका खेल्ने उल्लेख गर्दै मन्त्री सिंहले नकरात्मक समाज हटाउन धार्मिक क्रियाकलाप बढाउनुपर्ने बताए। शहरी विकास मन्त्रालयको नेतृत्व सम्हालेका मन्त्री सिंहले पूर्वाधार विकासमा सरकारको प्राथमिकता रहेको जनाए। लामो समयदेखि स्तारोन्नतिको माग राख्दै आएका स्याङ्जावासीका लागि सिद्धार्थ राजमार्गको स्तरोन्नतिको आउने आर्थिक वर्षदेखि सुरु हुने बताए।

राजनीतिक परिवर्तनमा स्याङ्जासँग आफ्नो पुरानो साइनो रहेको भन्दै आफ्ना बुवा, कृष्णप्रसाद र गिरिजाबावुको स्मरण उनले गरे। यो साइनो भएकै कारण जिल्लाको विकासका लागि आफ्नो सहयोग रहने प्रतिबद्धता उनले व्यक्त गरे। महायज्ञ शुभारम्भका अवसरमा संघीय सांसद राजु थापाले सिद्धार्थ राजमार्गको स्तरोन्नति भएमा धार्मिक पर्यटक भित्राउन सहज हुने धारणा राखेका थिए। जिल्लामा धेरै धार्मिक पर्यटकीय क्षेत्र रहेको भन्दै सांसद थापाले यिनीहरूको संरक्षण र प्रचारप्रसारमा सबैले ध्यान दिनुपर्नेमा जोड दिए।

यस्तै गण्डकी प्रदेशसभाका सांसदहरू सरस्वती तिवारी र महेश भट्टराई पूर्व सांसद मेखलाल श्रेष्ठ, भागवतप्रकाश मल्ल, समाजसेवी तथा उद्योगी डोलराज शर्मा पंगेनी, वालिङ नगरपालिकाका उप-प्रमुख कविता तिवारी गैह्रे, खगेन्द्रप्रसाद अर्याल, भूपराज बगालेलगायतले धर्मसंस्कार र महायज्ञको बारेमा आ–आफ्नो धारणा राखेका थिए। स्याङ्जाको वालिङमा रहेको केदारनाथ क्षेत्रलाई शिव धाम निर्माण गर्ने योजनाका साथ वालिङमा महायज्ञ सुरु गरिएको हो।

योगी नरहरि नाथलेद्वारा नामाकरण गरिएको वालिङ नगरपालिका-८ को केदारनाथ मन्दिरलाई स्तरोन्नति गरी धाम निर्माण गर्ने दीर्घकालीन योजना रहेको महायज्ञ आयोजक समितिका संयोजक दिलिपप्रताप खाँणले बताए। सिद्धार्थ राजमार्गसँगै रहेको मन्दिरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने आयोजकको भनाइ छ।

उप-प्रधानमन्त्री सिंहले केदारनाथ मन्दिर तथा प्रसिद्ध धार्मिक पर्यटकीय क्षेत्र गह्रौंसुरमा रहेको कालिका मन्दिरको समेत दर्शन गरेका थिए। बैशाख २३ गतेसम्म सञ्चालन हुने महायज्ञले वालिङमा केदारनाथ धाम स्थापनाका लागि आधार तयार गर्ने आयोजकको दाबी छ।

# वैकल्पिक सडक स्तरोन्नति गरिँदै



ढोरपाटन। राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको विकल्पका रुपमा रहेको पाखुट्टे-झिम्पा-निसी सडक स्तरोन्नति गर्न थालिको छ।

विसं २०७३ मा ट्र्याक खुलेको उक्त सडकको स्तरोन्नति गर्न थालिएको हो। ढोरपाटन नगरपालिका-२ पाखुट्टेदेखि निसीखोला गाउँपालिका-५ निसीसम्म २५ किलोमिटर रहेको उक्त सडकको दुई खण्डमा स्तरोन्नति गर्न थालिएको छ।

पहिलो खण्ड झिम्पाखोलादेखि ढाँडसम्मको पाँच किलोमिटर एम/एस टिएएस इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन र दोस्रो खण्ड पाखुट्टेदेखि माँडेसम्मको दुई किलोमिटर बागलुङ कालीगण्डकी निर्माण सेवाले जिम्मा लिएर काम गरिरहेका छन्। पहिलो खण्ड निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा सविनियोजन गरेको रु ९८ लाख ४७ हजार र दोस्रो खण्ड सङ्घीय सरकारले विनियोजन गरेको रु ५९ लाख ७३ हजार १७६ मा स्तरोन्नति हुन थालेको हो।

पहिलो खण्ड गत चैत २२ गते सम्झौता गरी काम सुरु भएको थियो भने दोस्रो खण्ड २०८१ पुस २ गते सडक डिभिजन कार्यालय बागलुङमार्फत् सम्झौता भएको थियो। यस खण्डमा सडक चौडा गर्ने, पर्खाल लगाउने र नाली निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको सडक डिभिजन कार्यालयका इञ्जिनियर सागर भण्डारीले जानकारी दिए। जेठ मसान्तसम्म सक्ने उक्त खण्डको काम अहिलेसम्म ९० प्रतिशत सम्पन्न भएको उनको भनाइ छ।

पहिलो खण्डमा हालसम्म ३० प्रतिशत काम भएको एम/एस टिएएस इञ्जिनियरिङ एण्ड कन्स्ट्रक्सनका प्रबन्ध निर्देशक इन्जिनियर रमेश अर्यालले जानकारी दिए। यस खण्डको विभिन्न ठाउँमा ह्युम पाइप हाल्ने, नाली निर्माण गर्ने र सडक फराकिलो बनाउने कार्य भइरहेको उनको भनाइ छ। आगामी असार १० गतेसम्म सक्ने गरी काम भइरहेको अर्यालले बताए।

पाखुट्टे-झिम्पा-निसी सडकका लागि गाउँपालिकाले अहिलेसम्म रु चार करोड बढी रकम खर्च गरिसकेको छ। यस सडक सुरुमा मध्यपहाडी लोकमार्गका लागि प्रस्तावित भए पनि विभिन्न अवरोध र विवादका कारण अर्कोपट्टिबाट लगिएको थियो। उक्त सडक नौ वर्ष अगाडि साविक निसी, बोहोरागाउँ र देवीस्थान गाविसले रु दुई-दुई लाख, अर्थ मन्त्रालयबाट रु ४० लाख, डोलीडार संस्थाबाट रु सात लाख, जिल्ला विकास समितिबाट रु आठ लाख संकलन गरि कूल रु ६१ लाखमा ट्र्याक खोलिएको थियो।

निसीखोलाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले अघिल्लो आर्थिक वर्षहरूमा वैकल्पिक सडक स्तरोन्नति गर्नका लागि करोडौं रकम खर्च गरिसकेको बताए। सडक स्तरोन्नति नहुँदा स्थानीय लामो समयदेखि हिलो र धुलोबाट आजित हुने परेको भन्दै अब उक्त समस्याबाट मुक्त हुने उनको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृत पुनले भने-"यो सडक खुलेको एक दशक हुन थाल्यो, स्रोत अभावका कारण एकैपटक सबै सडक स्तरोन्नति गर्न सकिँदैन, त्यसले गर्दा हरेक वर्ष थोरै थोरै बजेट विनियोजन गरेर काम हुँदै आएको छ, सबै खण्ड एकैपटक स्तरोन्नति गर्न नसकिँदा सडक छेउका नागरिकले हिलो र धुलोबाट समस्या भोग्नुपरेको छ, विस्तारै यो समस्या समाधान हुनेछ।"

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।१२।१० गते परासीदेखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम :** पदम कुमारी राना मगर चौधरी
**ठेगाना :** बर्दघाट-१२, चौपटा, नवलपरासी
**बिमालेख नं. :** २५५७०१४८८
**सम्पर्क :** ९८६२७२८९२२

# मानसिक स्वास्थ्य समस्या भएका ३० जनाको उपचार



कञ्चन। रुपन्देहीको गैंडहवामा मानसिक स्वास्थ्य उपचार तथा मनोपरामर्शसम्बन्धी एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। शिविरमा मनोचिकित्सक डा. बिक्रम काफ्लेद्वारा मानसिक स्वास्थ्य समस्या भएका ३० जनालाई उपचार गरिएको छ।

गैंडहवामा मनोसामाजिक समस्या र त्यसबाट प्रभावित मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको संख्या वृद्धि भइरहेको सन्दर्भमा स्ट्रोम फाउण्डेसनको सहयोगमा ३० जनालाई मानसिक स्वास्थ्यसम्बन्धी उपचारसहित मनोसामाजिक समस्यासम्बन्धी मनोपरामर्श समेत प्रदान गरिएको मनो विमर्शकर्ता सावित्रा आचार्यले जानकारी दिइन्।

सुनगाभा सामुदायिक विकास केन्द्र, कञ्चन रुपन्देहीको आयोजना तथा गैंडहवा गाउँपालिकाको समन्वयमा सूर्यपुरा स्वास्थ्य चौकीमा सो उपचार गरिएको हो। गैंडहवा स्वास्थ्य शाखा प्रमुख सुरेन्द्र चौहान, कर्महवा स्वास्थ्य चौकीका इञ्चार्ज दिपेन्द्र रिजाल र सूर्यपुरा स्वास्थ्य चौकीका इञ्चार्ज मिना पन्थी, सुनगाभा सामुदायिक विकास केन्द्रका उपाध्यक्ष हिमा बेलवासे शुद्धोधन गाउँपालिका मनो विमर्शकर्ता रामकुमारी चौधरीले शिविरको अवलोकन तथा अनुगमन गरेका थिए।

शिविरमा सहभागी मानसिक स्वास्थ्य समस्या भएका व्यक्तहरुका अभिभावकहरुले शिविरबाट प्रत्यक्ष रुपमा स्वास्थ्य लाभ प्राप्त गर्न पाएकोमा खुशी व्यक्त गरेका थिए।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सुचना

उपरोक्त सम्बन्धमा लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका ११ मा रहेको भट्टराई सोप एण्ड केमिकल प्रा. लि. द्वारा भट्टराई सोप एण्ड केमिकलको उद्योग निर्माण तथा संचालन संग सम्बन्धित प्रारम्भिक वातावरणीय अध्ययन परिक्षण प्रतिवेदन तयारीको लागि उद्योग प्रस्तावित स्थलमा मिति २०८१/०१/२३/ गते मंगलबार बिहान १० बजे सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुन गैरहेको हुँदा उपस्थितिको निम्ति हार्दिक अनुरोध गर्दछौं।

आयोजक

**भट्टराई सोप एण्ड केमिकल प्रा.लि.**
रुपन्देही जिल्ला, सैनामैना नगरपालिका-११

### भन्सार...

अहिले विभागले विगतको राजस्व संकलनलाई मध्यनजर गर्दै केही लक्ष्य घटाए पनि यस आर्थिक वर्षको पहिलो महिना साउनमा ८३ दशमलव ५४ प्रतिशत भदौमा ९० दशमलव ०५ प्रतिशत, असोजमा १०० दशमलव ३९ प्रतिशत, कार्तिकमा ८३ दशमलव १७ प्रतिशत, मंसिरमा ८२ दशमलव १७ प्रतिशत, पुषमा ८० दशमलव ६४ प्रतिशत, माघमा ८५ दशमलव ८१, फागुनमा ७९ दशमलव २१ प्रतिशत र चैत्रमा ८५ दशमलव ९८ प्रतिशत राजस्व संकलन भएको भन्सार कार्यालयका सूचना अधिकारी नरेन्द्रप्रसाद चौधरीले जानकारी दिए। चालु महिनाको १० गतेसम्म भने मासिक लक्ष्यको ३० दशमलव ८८ प्रतिशत राजस्व लक्ष्य संकलन भएको भन्सार कार्यालयका सूचना अधिकारी चौधरीले बताए।

**बढ्यो आयात–निर्यात**

गत वर्ष यही अवधिमा १० अर्ब २३ करोडको निर्यात हुँदा चालु वर्षको समीक्षा अवधिमा १४ अर्ब २२ करोड रुपैयाँ बराबरको विभिन्न सामानहरू भारत तथा तेश्रो मुलुक निर्यात भएको छ। यस नाका हुँदै चालु वर्षको ९ महिनामा सबै प्रकारका मोटरसाइकल ११ अर्ब ७८ करोड ४८ हजार रुपैयाँ बराबरको १ लाख १ हजार २९ गोटा आयात हुँदा १२ अर्ब १६ करोड ८० लाख ६९ हजार रुपैयाँ राजस्व आएको छ। त्यसै गरी इन्धनबाट चल्ने जीपकार र भ्यानहरू २ हजार ३ सय ४८ गोटा २ अर्ब ७५ करोड ८३ लाख ३२ हजार रुपैयाँ बराबरको आयात हुँदा ७ अर्ब २७ करोड १९ लाख ६९ हजार रुपैयाँ राजस्व उठेको छ। त्यस्तै पेट्रोल, विद्युत्बाट सञ्चालित जीपकार भ्यान, शुद्ध फलाम(स्पोन्ज,फ्रेस आइरन) डबल क्याब पिकअप गाडी, मोबाइल टेलिफोन, चकलेट, एम.एस विलेट, एल पि ग्यास जस्ता बढी राजस्व दिने वस्तुहरूको आयात बढेको छ।

उता निर्यात व्यापार ह्वात्तै वृद्धि भएको छ। भटमासको प्रशोधित तेल, सेन्थेटिक यार्न, सिमेन्ट खैरो, खयरकत्था, पिना, स्टिल फलामको भाँडाकुँडा, चाउचाउ, नुडल्स पास्ता, खोटो, रोजीन, सूर्यमुखिको प्रशोधित तेल, प्लाइउड जस्ता बस्तुहरू निर्यातमा सबैभन्दा अघि छन्।

### रेशम...

जनमत पार्टीका अध्यक्ष सीके राउतले पार्टी एकता हुने बेलामा नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीलाई पक्राउ गर्नु षड्यन्त्र भएको भन्दै आक्रोश व्यक्त गरेका छन्।

डिल्लीबजार कारागारबाट रेशम चौधरी छुटेपछि संक्षिप्त प्रतिक्रिया दिने क्रममा उनले यस्तो बताएका हुन्। उनले भने-'हाम्रो एकतालाई भाँड्ने षडयन्त्रको रुपमा हेरेको छौं। दुईवटा पार्टी मिलेर नयाँ हुन लाग्दा त्यसलाई भाँड्नका लागि यो गरिएको हेरेका छौं।' उनले यसलाई एउटा कर्मचारीको सामान्य त्रुटिको रुपमा मात्रै हेर्न नहुने पनि बताए।

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८२ बैशाख १८, गते बिहीबार
Thursday May. 01, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# 'घाटा हुने बजेट ल्याउँदैनौं'




दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट यथार्थ धरातलमा टेकेर ल्याइने बताएका छन् । सरकारमा सहभागी राजनीतिक दलका प्रमुखहरूसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी)मा आयोजना गरिएको छलफल कार्यक्रममा मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यथार्थ धरातलमा आधारित भएर तयार पार्ने बताए।

सरकारले घाटा बजेट पनि नबनाउने र प्रदेशको वास्तविक अवस्थाअनुसार नीति तथा कार्यक्रम र बजेट ल्याउने स्पष्ट पारे। 'सरकारले सन्देश दिनेगरी, आशा जगाउनेगरी नीति तथा कार्यक्रम र बजेटको तयारी गर्दैछ । यसमा तपाईंहरूको सुझावलाई आधार मानेर समावेश गर्नेछौं,' उनले भने-'प्रदेशको आम्दानी अनुसार हाम्रो बजेटको आकार ३१ देखि ३२ अर्ब वरिपरि आउनेछ । यही आधारमा थोरै लगानीमा पनि प्रतिफल आउने खालका कार्यक्रम के-के हुन सक्छन् भन्नेमा सुझाव आवश्यक छ ।' सरकारले नीति तथा कार्यक्रमलाई आधार मानेर वार्षिक बजेट बनाउने भएकाले आगामी वर्षको बजेट नीति तथा कार्यक्रमभन्दा बाहिरको नहुने पनि उनले प्रस्ट पारे।

नेपाली कांग्रेस संसदीय दलका नेता तथा पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले अनुसन्धानको आधारमा नीति तथा कार्यक्रम र बजेट बनाउन सुझाव दिए । सरकारमा सहभागी दलहरूको प्रतिबद्धता केलाएर जनतालाई गरिएको वाचाअनुसार नीति तथा कार्यक्रम र बजेट ल्याउन जोड दिए।

'थोरै बजेटले धेरै काम हुनेगरी बजेट ल्याउन जरुरी छ । सम्पन्न हुने योजनाको सूची बनाएर बजेटको प्राथमिकतामा राख्नुपर्नेछ,'-उनले भने-'बलियो सरकार छ। यसले राजस्व बढाउनेगरी कार्यक्रम ल्याउन सक्नुपर्छ।' नीति तथा कार्यक्रममा गर्न सकिने कार्यक्रम मात्रै समावेश गर्नुपर्ने र बजेटले आशा जगाउनेगरी कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्नुपर्ने उनले सुझाव दिए।

नेपाली कांग्रेस लुम्बिनी प्रदेशका अध्यक्ष अमरसिंह पुनले प्रदेशप्रति आकर्षण बढाउनेगरी नीति तथा कार्यक्रम ल्याउन सुझाव दिए। प्रदेश सरकारले आफ्नो अधिकार प्राप्ति र कार्यान्वयनमा खुट्टा कमाउनु नहुने भन्दै संविधानले दिएका अधिकारहरू कार्यान्वयन गर्नेगरी नीति तथा कार्यक्रम र बजेट ल्याउन जोड दिए । 'सुशासनलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाउन जरुरी छ,' उनले भने-'प्रदेशको विकासमा लुम्बिनीलाई जोडेर पर्यटनलाई आधार बनाउन सकिन्छ।'

नेकपा एमाले लुम्बिनी प्रदेशका अध्यक्ष राधाकृष्ण कँडेलले नीति तथा कार्यक्रमले आधारभूत क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए। 'जनतालाई तुलनात्मक रूपमा सन्तुष्टि हुनेगरी नीति तथा कार्यक्रम ल्याउन जरुरी छ । भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राख्नुस्,'- उनले भने-'उत्पादनशील क्षेत्रमा प्राथमिकता राखेर बजेट ल्याउन जरुरी छ।' सबैको अपनत्व रहनेगरी नीति तथा कार्यक्रम बनाउनुपर्ने, भौतिक निर्माण, बाटो-घाटोलाई मात्रै बजेट नराखी कृषि, शिक्षा, स्वास्थ्य, उद्यम विकासलाई प्राथमिकतामा राख्नुपर्ने उनले बताए।

नेकपा एमालेका संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठ, प्रमुख सचेतक तुलसी चौधरी, एमाले लुम्बिनी प्रदेशका सचिव लक्ष्मण आचार्यलगायतले सहमति अनुकूल दृष्टिकोण उन्मुख बजेट ल्याउनुपर्ने, प्राप्त स्रोतलाई सही परिचालन गर्नेगरी नीति तथा कार्यक्रम बनाउन सुझाव दिए।

बैठकमा मन्त्री तथा राजनीतिक संयन्त्रमा सहभागी दलका प्रतिनिधिहरू, प्रदेश योजना आयोगका पदाधिकारी तथा सचिवको सहभागिता थियो । बैठकबाट प्राप्त सुझावलाई आधार मानेर नीति तथा कार्यक्रम र बजेट निर्माणमा जोड दिइने भएको छ।

# श्रमिकलाई बुटवलमा नगदसहित सम्मान



बुटवल । अन्तर्राष्ट्रिय श्रमिक दिवसको पूर्वसन्ध्यामा बुटवल उप-महानगरपालिकाले बुटवलमा सालको पात बेच्ने, मकै पोल्ने तथा ई-रिक्सा चलाउने महिलाहरूलाई नगदसहित सम्मान गरेको छ।

बुधबार बुटवल उप-महानगरपालिकाले एक कार्यक्रमकाबिच बुटवलमा सालको पात बेच्ने १० जना, मकै पोल्ने १० जना र ई-रिक्सा चलाउने १० जना गरी ३० जना महिलाहरूलाई जनही १० हजारका दरले सम्मान गरेको हो । कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले चर्को घाम, चिसो र दिनरात नभनी जोखिमसहितको श्रम गर्ने श्रमिकको सम्मान गर्ने उद्देश्यले बुटवल उप-महानगरपालिकाले गत वर्षदेखि सम्मान गर्न थालेको बताए।

श्रमको सम्मान गर्ने परिपाटीको विकास नहुँदा मुलुकमा बेथिति बढेको भन्दै नगरप्रमुख पाण्डेयले श्रमिकहरूलाई कुराले नभएर वास्तविक रूपमै श्रमको सम्मान गर्ने उद्देश्यले बुटवल उप-महानगरपालिकाले पात बेच्ने, मकै पोल्ने र ई-रिक्सा चलाउने महिलाहरूलाई नगदसहित सम्मान गर्न सुरु गरेको उल्लेख गरे । बुटवल उप-महानगरपालिका श्रमिकको पक्षमा, काम गरेर खानेहरूको पक्षमा र कृषकको पक्षमा रहेको भन्दै उनले उप-महानगरपालिकाले सीप सिकेर स्वरोजगार बन्न चाहने नगरवासीहरूलाई विभिन्न किसिमका सीपमूलक तालिमहरू समेत प्रदान गर्दै आइरहेको जानकारी गराए।

बुटवल उप-महानगरपालिकाले सुनचाँदीका गहना बनाउने तालिम, पञ्चेबाजा बजाउने तालिम, जुत्ता चप्पल बनाउने तालिम, श्रृङ्गारसम्बन्धि तालिमलगायतका तालिम दिनुका साथै व्यवसायिक कृषि तथा पशुपालनबाट आयआर्जन वृद्धि गर्ने उद्देश्यले मकै पकेट क्षेत्र, प्याज पकेट क्षेत्र तथा भैंसीको पाडी वितरणलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको नगरप्रमुख पाण्डेयले बताए। उनले श्रम गरेर पनि बालबालिकालाई पढाउन नसकेका श्रमिकका बालबालिकाको पठनपाठनको जिम्मा बुटवल उप-महानगरपालिकाले लिने प्रतिबद्धता व्यक्त गरे।

उप-प्रमुख सावित्रादेवी अर्यालले स्थानीय सरकार श्रमिक वर्गको साथमा छ भन्ने अनुभूति गराउन बुटवल उप-महानगरपालिकाले गत वर्षदेखि मकै पोल्ने, पात बेच्ने र ई-रिक्सा चलाउने महिलाहरूलाई नगदसहित सम्मान गर्न सुरु गरेको भन्दै आगामी दिनमा गिट्टी कुट्ने श्रमिकहरूलाई पनि समेट्ने प्रयास गर्ने प्रतिबद्धता जनाइन् । यस्तो कार्य अन्य पालिकाहरूले पनि गर्न जरुरी रहेको भन्दै उनले श्रमको सम्मान गर्ने परिपाटीको विकास भए मात्रै मुलुक समृद्ध बन्ने धारणा राखिन् । जनताको नजिकको सरकार भनेकै स्थानीय सरकार भएको बताउँदै उप-प्रमुख अर्यालले स्थानीय सरकारले सानातिना कुरामा पनि ध्यान दिनुपर्नेमा जोड दिइन्।

कार्यक्रममा ई-रिक्सा व्यवसायी सीताराम महतोले बुटवल उप-महानगरपालिकाले सडकमा मकै पोलेर जीविकोपार्जन गर्ने, जंगलबाट पात टिपेर ल्याई बजारमा बिक्रीवितरण गर्ने तथा ई-रिक्सा चलाउने महिला श्रमिकहरूलाई नगदसहित सम्मान गर्नु खुसीको कुरा भएको भन्दै यस्ताखाले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताए। असंगठित क्षेत्रमा कार्यरत महिला श्रमिकहरूलाई सम्मान गरेकोमा सम्मानित महिलाहरूले खुसी व्यक्त गरेका थिए।

# बुटवलमा खुल्यो अल्फा क्याफे एन्ड रेस्टुरेण्ट



बुटवल । बुटवल ११ होराइजनचोकमा अल्फा क्याफे एन्ड रेस्टुरेण्ट सञ्चालनमा आएको छ। यातायात व्यवसायी दिपकप्रसाद श्रेष्ठसहितका चार जना युवाहरुको १ करोड बढी लगानीमा सञ्चालनमा आएको रेस्टुरेण्टको बुधबार बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले उद्घाटन गरे।

समारोहमा बोल्दै नगरप्रमुख पाण्डेयले कालिकापथ क्षेत्रमा रात्रीकालिन बजारको प्रवर्धनका लागि कामहरु भइरहेको बताउँदै सफलताको शुभकामना व्यक्त गरे।

बुटवलको सटरमा ताला लागेको भन्दै केहीले प्रचार गर्दा गलत म्यासेज गइरहेको बताउँदै उनले यस क्षेत्रमा भविश्य देखेर व्यवसाय सञ्चालन गरेकोमा सञ्चालकहरुलाई धन्यवाद व्यक्त गरे।

उनले जुन क्षेत्रमा बढी चहलपहल भयो त्यहि क्षेत्रमा व्यवसाय राम्रो हुने तर्क गर्दै बुटवलले नगरभित्रका विभिन्न क्षेत्रलाई विशेष चलयमान बनाउनका लागि सन्ध्याकालीन तथा रात्रीकालिन बजारको लागि प्रबन्ध मिलाएको जनाए।

उनले व्यवसायको सुरक्षाको लागि प्रबन्धका साथै सिसिटिभि क्यामेराबाट निगरानी, उज्यालो बुटवलअन्तरगत विभिन्न स्थानमा हाइमास्ट तथा अन्य स्ट्रीटलाइटहरु जडान गरिने बताए।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले व्यवसायको सफलताको शुभकामना व्यक्त गर्दै अन्य शाखाहरु समेत सिघ्र खोलेर अझैं धेरैलाई रोजगारी दिन आग्रह गरे । उनले बुटवल उप-महानगरपालिकाले रात्रीकालिन बजार क्षेत्र तोकेको स्थानमा पर्ने भएकोले सफल भइने भन्दै सेवा र गुणस्तरमा ध्यान दिन सुझाब दिए।

सञ्चालक दिपकप्रसाद श्रेष्ठले केही युवाहरुलाई स्वदेशमा नै रोजगार बनाइराख्न तथा क्याफेको मर्मअनुसारका सम्पूर्ण सेवाहरु प्रदान गर्नेगरी काम गरिएको जनाए । उनले अहिले आफूसहित ४ जनाको १ करोड सेरोफेरोमा लगानी पुगेको बताउँदै अहिलेको अवस्थामा १२ जनाले प्रत्यक्ष रोजगारी पाएको र अझैं २ जना तत्कालै थप्ने योजना रहेको उल्लेख गरे । उद्घाटन समारोहको सञ्चालन एकराज पौडेलले गरेका थिए।

# बुटवलमा खुल्यो मायादेवी ब्रेस्ट केयर



बुटवल। स्तन क्यान्सरले समस्या पारिरहेको अवस्थामा बुटवलमा स्तन क्यान्सरको परीक्षण तथा उपचार हुने गरी मायादेवी ब्रेस्ट केयर सेन्टर सञ्चालनमा आएको छ। बुटवल ८ सुख्खानगर भाटभटेनी नजिकै रहेको मायादेवी ब्रेस्ट केयरको एक कार्यक्रमकाबिच बुधबार उद्घाटन गरिएको हो।

वरिष्ठ स्तन क्यान्सर रोग विशेषज्ञ डा. सञ्जय पाण्डेको एकल लगानीमा सञ्चालनमा आएको केयरमा परीक्षण, प्रयोगशाला, बाएपसी चेक, फार्मेसीलगायतका सेवा दिइने छ । २५ लाख लगानीमा रहेको सेन्टरमा ४ जनाको प्रत्यक्ष लगानी रहेको छ। आफू चितवन क्यान्सर अस्पतालमा रहँदा अप्रेसन गरेर पूर्ण निको भएकी क्यान्सर सर्भाईवल सुनिता श्रेष्ठको हातबाट उद्घाटन गराएको डा.पाण्डेले बताए।

लुम्बिनी प्रदेशमै पहिलो पटक सञ्चालन भएको दाबी गर्दै उनले दैनिक ओपिडिको फाइदा उठाउन आग्रह गरे । विशेष उपकरणबाट गरिने बाएपसी ट्रुकटको माध्यमबाट गरिने जानकारी दिँदै उनले दैनिक ओपिडी सेवाअन्तरगत बिहान ८ बजेदेखि १० र साँझ ५ बजेदेखि ८ सम्म सेवा प्रदान गरिने जानकारी दिए।

उनले पछिल्लो समय पुरुषहरुमा समेत स्तनक्यान्सर हुन्छ भन्ने जानकारी नभएकोले अबको चुनौती नै यही रहेकोले यसको बारेमा जनचेतना आवश्यक रहेको उल्लेख गरे । शुभारम्भको अवसरमा निःशुल्क मधुमेह परीक्षणका साथै अन्य ल्याब सेवामा २५ प्रतिशत छुट रहेको उनले जानकारी दिए।

# सुनवलमा मेयर कप फुटबल प्रतियोगिता सञ्चालन हुने



**गौरीशंकर जयसवाल**

*परासी*

सुनवल नगरपालिकाले प्रत्येक वर्ष सञ्चालन हुँदै आइरहेको नगरस्तरीय फुटबल प्रतियोगिता यो वर्ष सुनवल नगरपालिका वडा नं. ७ मा सञ्चालन हुने भएको छ। सुनवल नगरपलिकाको आयोजना तथा ८औं मेयर कप फुटबल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन उपभोक्ता समिति सुनवल ७ सहयोगी संस्था रहेको फुटबल प्रतियोगिता यही बैशाख २२ गतेदेखि जेठ ४ गतेसम्म सञ्चालन हुने ८औं मेयर कप फुटबल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन उपभोक्ता समितिका संयोजक ओमप्रकाश बाह्रघरेले जानकारी दिए ।

सुनवल नगरपालिकाका १३ वटै वडाका १३ टिम र आयोजकको १ टिमसहित १४ टिम सहभागी उक्त प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ५५ हजार, द्वितीय हुने टिमले ९० हजार र तेस्रो र चौथो हुने टिमले क्रमशः २५/२५ हजार नगद सिल्ड र प्रमाण प्राप्त गर्ने संयोजक बाह्रघरेले जानकारी दिए।

उनले खेल नयाँ मैदानमा खेलाउन लागिएको बताउँदै यसले स्थान परिचित हुनुको साथै पर्यटक ल्याउने उद्देश्य रहेको बताए। ८औं मेयर कप फुटबल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन उपभोक्ता समितिका सचिव खड्का रानाको सञ्चालन रहेको कार्यक्रममा सुनवल नगरपालिका वडा नं. ७ का वडाध्यक्ष नारायण आचार्य, ११ का वडाध्यक्ष कमल चुवाई, जिल्ला फुटबल संघका जितबहादुर पुन, संजिव लामालगायतको उपस्थिति रहेको थियो।

**मजदूरको हकहित संरक्षण गरौं**

-श्रमिकको लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं।
-दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं।
-असल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं।
-स्वदेशी तथा विदेशी श्रम बजारको माग अनुरुप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं।
-बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं।
-मजदुरका लागि स्वास्थ्य बिमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रम लागू गरौं।
-सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com